# विद्युतीय सुशासन आयोगको प्रमुख कार्यकारी अधिकृतको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७९

विद्युतीय सुशासन आयोगको रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा खुला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि सिफारिस गर्ने प्रयोजनका लागि यो कार्यविधि बनाइएको छ।

**१.दरखास्त आह्वान :**

विद्युतीय सुशासन आयोगको रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा पदपूर्तिका लागि बढीमा ७ (सात) दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अनुसूची-१ बमोजिमको सूचना प्रकाशित गरिनेछ।

**२.योग्यता तथा अनुभव :**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधि विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी कुनै विषयमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा बाह्र बर्षको अनुभव हासिल गरेको,

ख) ३५ वर्ष उमेर पूरा भई ६० वर्ष उमेर ननाघेको।

**३.दरखास्तसाथ छनौट तथा सिफारिस समितिको सचिवालयमा पेश गर्नु पर्ने कागजात तथा विवरणहरू :**

क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोवाइल नम्बर, ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानाको अन्त्यमा उम्मेदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ।

ख) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम तथा अनुभवको प्रतिलिपिहरू स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

ग) उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी व्यवसायिक कार्ययोजना (Business Action Plan) तयार गरी चार प्रति पेश गर्नु पर्नेछ।

घ) अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, तालिम, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं दरखास्तसाथ पेश गरेका अन्य कागजातहरूको सक्कल प्रति पेश गर्नु पर्नेछ।

**४. दरखास्तसाथ निम्न लिखित व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछः**

क) कुनै राजनीतिक दलको सदस्य नभएको ।

ख) विद्युतीय सुशासन आयोगसँगको ठेक्कापट्टा वा कुनै चल अचल सम्पत्ति सम्बन्धी कारोवारमा आफै वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको वा उक्त आयोगसँग निजी स्वार्थ नभएको।

ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको।

घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागू औषधको कारोबार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको।

ङ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त नगरेको।

च) प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको वा परेको भए त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा भइसकेको ।

छ) मानसिक सन्तुलन ठीक भएको।

**५.प्रमुख कार्यकारी अधिकृतका लागि तोकिएको काम, कर्तव्य र अधिकार :**

विद्युतीय सुशासन आयोग (गठन तथा सञ्चालन) आदेश, २०७९ बमोजिम तोकिएका काम, कर्तव्य र अधिकार हुनेछन्।

**६. व्यवसायिक कार्ययोजना पेश गर्नु पर्ने :**

(१) उम्मेदवारले दरखास्तसाथ पेश गर्ने व्यवसायिक कार्ययोजना (Business Action Plan) प्रमुख कार्यकारी अधिकृतका लागि तोकिए बमोजिमको काम, कर्तव्य र अधिकार समेतका आधारमा निम्न बुँदाहरू समेत समावेश हुने गरी तयार पारिएको हुनु पर्नेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(क) विद्युतीय सुशासन आयोगको बारेमा जानकारी उल्लेख भएको विवरण

(ख) विद्युतीय सुशासन आयोगको सवल पक्ष, दुर्वल पक्ष एवं अवसर र चुनौतीहरूको विश्लेषण

(ग) विद्युतीय सुशासन कायम गर्न रणनीतिक सुधार गर्नुपर्ने क्षेत्रहरूको विश्लेषण

७ **उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अङ्क भार** : -

(१) उम्मेदवारको मूल्याङ्कन सम्बन्धी समग्र अङ्क भार र सोको वर्गीकरण तपसिल बमोजिम कायम हुनेछ।

| | |
|---|---|
| शैक्षिक योग्यता र अनुभव | -५० अङ्क |
| व्यवसायिक कार्ययोजना | -५० अङ्क |
| अन्तर्वार्ता | -५० अङ्क |
| **पूर्णाङ्क** | -१५० अङ्क |

**(२) उम्मेदवारको शैक्षिक योग्यता - २५**

| | **अङ्क बाँडफाँड** |
|---|---|
| **(क) स्नातक तह** (सूचना प्रविधि विषय) | |
| प्रथम श्रेणी | १५ |
| द्वितीय श्रेणी | १४ |
| तृतीय श्रेणी | १३ |
| **स्नातकोत्तर** | |
| प्रथम श्रेणी | ८ |
| द्वितीय श्रेणी | ७ |
| तृतीय श्रेणी | ६ |
| **पि.एच.डी.** | २ |
| **(ख) सम्बन्धित क्षेत्रको कार्य अनुभव - २५** | |
| १२ वर्ष सम्मको अनुभव वापत | २३ |
| १२ वर्षभन्दा माथि १५ वर्षभित्रको अनुभव बापत | २४ |
| १५ वर्षभन्दा माथिको अनुभव बापत | २५ |

**(३) व्यवसायिक कार्ययोजना मूल्याङ्कनको आधार - ५०**

| | |
|---|---|
| क) स्पष्ट धारणा | -५ |
| ख) सही सूचना | -५ |
| ग) विश्लेषण तथा तार्किकता | -१५ |
| घ) सृजनशीलता, नेतृत्व र संयोजन | -५ |
| ङ) समस्याको पहिचान र सुधारको लागि सुझाव | -१५ |
| च) लेखन शैली | -५ |

**(४) अन्तर्वार्तामा मूल्याङ्कनको आधार – ५०**

| | |
|---|---|
| क) व्यक्तित्व | -५ |
| ख) विषय वस्तुको ज्ञान | -२५ |
| ग) सृजनशील क्षमता | -१० |
| घ) उठाईएका विषय सम्बोधन गर्ने क्षमता | -१० |

८. **छनौटका आधार एवं प्रक्रिया:**

मूल्याङ्कन अङ्क तालिका (छनौटको आधार) दफा ७ मा उल्लेख भए अनुसार हुनेछ । यसका लागि निम्न बमोजिमको प्रक्रिया अपनाइनेछ।

१) उम्मेदवारको शैक्षिक योग्यता र पेश भएको व्यवसायिक कार्ययोजनाको परीक्षणबाट प्राप्त अंकको प्राथमिकताको आधारमा आवेदकहरू मध्ये सम्भव भएसम्म पाँचजना उम्मेदवारहरूलाई अन्तर्वार्ताका लागि छनौट गरिनेछ ।

२) उपदफा (१) बमोजिम छनौट भएका उम्मेदवारहरू मध्ये शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसायिक कार्ययोजनाको मूल्याङ्कन तथा अन्तर्वातासमेतको अङ्कको आधारमा उच्चतम् अङ्क प्राप्त गर्ने सम्भव भएसम्म तीनजनालाई प्रमुख कार्यकारी अधिकृत नियुक्तिका लागि नेपाल सरकार समक्ष वर्णानुक्रमानुसार सिफारिस गरिनेछ।

३) दफा ८ को उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भएता पनि उक्त संख्यामा दरखास्त नपरेको कारणले मात्र दरखास्त दिने योग्य उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गर्न बाधा पुग्ने छैन ।

९. <u>व्यवसायिक कार्ययोजना (Business Action Plan) मूल्याङ्कन एवं अन्तर्वार्ता परीक्षण सम्बन्धी अन्य व्यवस्था</u> :

१) व्यवसायिक कार्ययोजनाको परीक्षण छनौट तथा सिफारिस समितिले गर्नेछ। समितिले आवश्यकतानुसार विज्ञहरूलाई आमन्त्रित गरी सहयोग लिन सक्नेछ।

२) उपदफा (१) बमोजिम प्राप्त अङ्कको आधारमा औषत अङ्क निर्धारण गरी व्यवसायिक कार्ययोजना वापतको प्राप्ताङ्क गणना गरिनेछ।

१०. <u>छनौट तथा सिफारिश समितिः</u>

१) यस कार्यविधि बमोजिमको कार्य सम्पन्न गर्न देहाय बमोजिमको एक छनौट तथा सिफारिश समिति गठन गरिनेछः

(क) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष- संयोजक

(ख) सचिव, संचार तथा सूचना प्रविधि मन्त्रालय- सदस्य

(ग) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (प्रशासन क्षेत्र हेर्ने) - सदस्य

२) यस समितिले छनौट कार्यका लागि आवश्यक सङ्ख्यामा सूचना प्रविधि सम्बन्धी विषयगत विज्ञलाई समेत आमन्त्रण गर्न सक्नेछ।

३) यस समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

३) समितिको सचिवालय सम्बन्धी कार्य प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासन महाशाखाले गर्नेछ।

**१२. अन्य व्यवस्थाः**

यस कार्यालयले कुनै कारण देखाई वा नदेखाई जुनसुकै बखत उपरोक्त पदको विज्ञापन रद्द गर्न सक्नेछ।

**१३. सेवा सुविधाः**

प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा सेवा सुविधा नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची - १

नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**विद्युतीय सुशासन आयोगको प्रमुख कार्यकारी अधिकृत** पदमा नियुक्तिका लागि गठित छनौट तथा सिफारिस समितिको

**पदपूर्ति सम्वन्धी सूचना**

(प्रथमपटक प्रकाशित मिति २०७९/... /.....)

**विद्युतीय सुशासन आयोग**मा रिक्त ........................ पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले ७ दिन (२०७९/...... / ....... गते) भित्र कार्यालय समयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासन महाशाखा, सिंहदरबार, काठमाडौंमा गोप्य सिलबन्दी आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. योग्यता तथा अनुभवः

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधि विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी कुनै विषयमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा बाह्र बर्षको अनुभव हासिल गरेको,

ख) ३५ वर्ष उमेर पूरा भई ६० वर्ष उमेर ननाघेको।

२. दरखास्त पेश गर्ने प्रक्रियाः

क. दरखास्त साथ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको website:- www.opmcm.gov.np मा प्रकाशित ..... ....... ................ को ........ ... ... छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७९ को दफा ३ बमोजिमको कागजात तथा विवरण र दफा ४ अनुसारको स्वयं घोषणाको व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

ख. दरखास्त पेश गर्दा शैक्षिक योग्यताको प्रमाणपत्र, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण र २ प्रति पासपोर्ट साइजको फोटो तथा छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७९ को दफा ६ बमोजिमको व्यवसायिक कार्ययोजना (पाँच हजार शब्दमा नबढ्ने गरी) चार प्रति सिलबन्दी गरी यस कार्यालयको प्रशासन महाशाखामा पेश गर्नु पर्नेछ। सिलबन्दी प्रस्तावको खामबाहिर "..............को ..........पदका लागि आवेदन तथा व्यवसायिक कार्ययोजना उल्लेख गरेको हुनुपर्नेछ ।

३. अन्तरवार्ताः

शैक्षिक योग्यता, अनुभव र व्यवसायिक कार्ययोजनासमेतको मूल्याङ्कनका आधारमा छनौट सूचीमा परेका उम्मेदवारहरूलाई अन्तरवार्तामा सहभागी गराइनेछ ।

४. दस्तुर :

दरखास्त दस्तुर बापत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोड नं.: ३०१००३५०१ राजस्व खाता नं.१०००१००२०००१०००० तथा राजस्व शीर्षकः १४२२९ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैंक, सिंहदरबार परिसर शाखामा रू. ५,०००/- (अक्षरेपी पाँच हजार रूपैयाँ) मात्र बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

५. पारिश्रमिकः

पारिश्रमिक तथा सेवा सुविधा नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

६. अन्य विवरणः

क. छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७९ बमोजिमको काम, कर्तव्य र अधिकारका साथै व्यवसायिक कार्ययोजनामा समावेश गर्नुपर्ने विषयका सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको website:www.opmcm.gov.np बाट जानकारी लिन सकिनेछ।

ख. यो सूचना बमोजिम प्राप्त भएका दरखास्त कार्यालयले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ ।

ग. आवेदकले झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

घ. यस सम्बन्धी थप जानकारीका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासन महाशाखा तथा टेलिफोन नं. ....................मा सम्पर्क गर्न सकिनेछ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची - २

कार्यविधिको दफा ४ सँग सम्वन्धित

विद्युतीय सुशासन आयोगको प्रमुख कार्यकारी अधिकृत पदको दरखास्त फाराम

(खुल्ला प्रतिस्पर्धाको लागि)

| कार्यालय प्रयोजनका लागि | दरखास्त दर्ता नं. | |
|---|---|---|
| | दर्ता मिति | |
| | विज्ञापन नं. | |
| | रोल नं. | |

| पासपोर्ट साइजको फोटो टाँसी दस्तखत गर्ने |
|---|

**खण्ड (क) विज्ञापन/सूचनामा उल्लेखित पूर्ण विवरण :**

| | |
|---|---|
| १. विज्ञापन/ विज्ञापन नं. | २. पदः |

**खण्ड (ख) उम्मेदवारको व्यक्तिगत विवरण :**

| | | | | |
|---|---|---|---|---|
| ३ | उम्मेदवारको पूरा नाम/ थर | देवनागरीमा | | |
| | | अंग्रेजी ठूलो अक्षर | | |
| ४ | स्थायी ठेगाना | १ जिल्ला: | २. न.पा/गा.पा | ३ वडा नं. |
| | | ४ टोल: | ५ फोन नं. | ६. मो.नं |
| ५ | पत्राचार गर्ने ठेगाना | १ जिल्ला | २ न.पा/गा.पा. | |
| | | ३ वडा नं | ४ टोल | |
| ६ | इमेल ठेगाना | | | |
| ७ | विवाहितको हकमा | १. पति/पत्नीको पूरा नाम/थर | | |
| | | २. नागरिकता नम्बर र जारी जिल्ला मिति | | |
| ८ | उम्मेदवारको: | १ जन्म मिति ........... साल ........... महिना .........गते<br>२ इस्वी सम्वत्मा: | | |

**खण्ड (ग) शैक्षिक योग्यता र तालिमको विवरण:**

| क्र.सं. | अध्ययन गरेको संस्थानको नाम | उत्तीर्ण परीक्षा | परीक्षा उत्तीर्ण गरेको मिति | श्रेणी | परीक्षा लिने संस्था | मुख्य विषयहरू |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

**खण्ड (घ) कार्य अनुभवको विवरण**

| कार्यालय | पद | सेवा, समूह र उपसमूह | श्रेणी वा तह | मिति देखि | मिति सम्म | सो पदमा रही गरेको कार्यको विवरण |
|---|---|---|---|---|---|---|
| | | | | | | |

दरखास्त साथ निम्न लिखित कागजातहरू अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ :

क. उमेर खुलेको प्रमाणको प्रतिलिपि ।

ख. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

ग. विज्ञापन भएको पदको लागि तोकिएको न्युनतम् शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि (तालिम, अनुभवको प्रतिलिपि समेत)

घ. अन्तरवार्ताको दिन उम्मेदवार आफ्नो सबै सक्कल प्रमाणपत्र सहित उपस्थित हुनुपर्ने छ ।

ङ. व्यवसायिक कार्ययोजना र सोको कार्यान्वयनको संक्षिप्त कार्ययोजना सिलवन्दी गरी ( हार्ड र सफ्ट कपि) छुट्टै पेश गर्नुपर्नेछ ।

च. दरखास्त फाराम पेश गर्दा लाग्ने परीक्षा दस्तुर बापत राष्ट्रिय वाणिज्य बैंकको खाता नं. .......... मा रू.५०००/- (अक्षरेपी पाँच हजार मात्र) बुझाएको सक्कल भौचर संलग्न गर्नुपर्नेछ ।

छ. TOR मा उल्लेख भए बमोजिम अन्य कुनै अनुभव भए सो र खण्ड (ग) र (घ) मा छुटयाइएको ठाँउ अपुग भएमा छुट्टै पेश गर्न सकिनेछ ।

**प्रस्तुत विवरणहरु साँचो र दुरुस्त छन्, झुठा ठहरे कानून बमोजिम सहुँला / बुझाउँला।**

| ल्याप्चे | |
|---|---|
| दाँया | बायाँ |
| | |

उम्मेदवारको हस्ताक्षर: ............................

नाम:.........................................

मिति: .............................

कर्मचारीले भर्ने :

| | |
|---|---|
| १. रोल नं. | ३.भौचर नं. |

४.दरखास्त बुझ्नेको हस्ताक्षर र मिति

..............................................

५.दरखास्त स्वीकृत / अस्वीकृत गर्ने अधिकृतको हस्ताक्षर र मितिः

...............................................................

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं